**१४. शिक्षा अनुगमन समितिः-**

(१) शिक्षा अनुगमन समितिको गठन तोकिए बमोजिम हुनेछ ।

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१५. सामुदायिक सिकाई केन्द्र सञ्चालन :-**

गाउँ पालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ ।

**१६. अध्यापन अनुमतिपत्र :-**

समुदायिक विद्यालयले स्थानीय स्रोतवाट तलब भत्ता खानेगरी शिक्षक छनौट गर्दा सम्बन्धित तहको शैक्षिक योग्यता तालिमका अतिरिक्त अध्यापन अनुमतिपत्र अनिवार्य हुनुपर्नेछ ।

**१७. अनुदानको व्यवस्थाः-**

(क) यो ऐन प्रारम्भ हुँदाका बखत दिइदै आएको अनुदान रकम तोकिए बमोजिम गाउँ पालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ ।

ख) गाउँ पालिकाले सामुदायिक विद्यालयहरूलाई तोकिए बमोजिम थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१८. छात्रवृत्तिको व्यवस्था :-**

गाउँ पालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बामोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१९. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान**

गाउँ पालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान रकम दिन सक्नेछ ।

**२०. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था**

प्रारम्भिक बाल शिक्षाको संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. गाउँ पालिका वाट पि.सि.एफ र निजि शिक्षकको व्यवस्था**

(क) पि.सि.एफ तथा निजि स्रोत शिक्षाकलाई गाउँ पालिका वाट खाई पाईआएको सुविधामा कुनै कटौती गरीने छैन्।

(ख) गाउँ पालिका शिक्षक तथा व्यवस्थापन सम्बन्धि व्य तोकिए बमोजिम हुनेछ ।

**२२. विद्यालय व्यवस्थापन समितिः-**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा एक जना गा.पा. सदस्य एक जना वडा सदस्य समितिमा रहनेछन् ।

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँ पालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग सम्बन्धित गाउँ स्तरको उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधी सदस्य रहन सक्नेछन् ।

(३) विशेष शिक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(४) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा तोकिए बमोजिम विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(६) धार्मिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा तोकिएबमोजिम विद्यालय व्यवस्थापन समिति रहनेछ ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष